# पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

ट्रेड टावर नेपाल-११, थापाथली, काठमाण्डौं
फोन नं ०१-५१११००८
E-mail: pic@peoplesinvestment.com.np
Web: www.peoplesinvestment.com.np


को

## १२औं र १३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१६)**

मिति: २०७७/०७/०५ गते (तदनुसार २१ अक्टोबर २०२०) बुधबारका दिन बसेको यस कम्पनीको संचालक समितिको ९३ औं बैठकको निर्णय अनुसार कम्पनीको १२ औं र १३ औं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभाहुने मिति** : **२०७७ साल मसिर ७ गते आईतबार (सन् २२ नोभेम्बर २०२०)**
**स्थान** : **होटेल ल्याण्डमार्क, दरवारमार्ग, काठमाण्डौ**
**सभा सुरु हुने समय** : **बिहान ११.३० बजे**

विश्वभर फैलिएको कोभिट १९ माहामारीको कारण नेपाल सरकारले तोकेको सुरक्षाको मापदण्ड पालाना गर्दै र सरकारले तोकेको सिमा भित्र मात्र शेयरधनीहरु सभामा प्रवेश गर्न सक्नुहुने भएता पनि अधिकारीक शेयरधनीहरुको उपस्थितिको लागी अनलाईन (भर्चुअल) माध्यमको सहभागिताको पनि व्यवस्था गरीएको छ र अनलाईन उपस्थितीलाई सभाहलमा उपस्थिति भए सरह मान्यता प्रदान गरीने छ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. १२ औं र १३ औं वार्षिक साधारण सभाका लागि संचालक समितिको वार्षिक प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/७६ आषाढ मसान्त र आ.व. २०७६/७७ आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण विविध विवरण छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिम लेखा आ.व. २०७६/७७ को लेखा परिक्षण गर्न नियुक्त लेखापरिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लेखापरिक्षण कार्यको लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१ कन्चनजघा हाउजिङ लिमिटेड र पिपुल्स ईन्भेष्टमेन्ट कम्पनी लिमिटेड दुबै कम्पनीहरु एक आपसमा गाभ्ने/मर्जर गर्ने संम्बन्धमा संचालक समितिको ८६ औं बैठकले गरेको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

२ कम्पनीको अधिकृत पूंजी र चुक्तापूंजी संम्वन्धमा ।

३ मर्जर प्रकृया सम्पन गर्नकालागी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीवा अन्य कुनै संसोधन गर्नुपर्ने आवश्यक भएमा वा नियमकारी निकायबाट कुनै फेरबदल सुझाव वा अन्य निर्देशन भएमा सो अनुसार फेर बदल गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

**(ग) विविध ।**

अनलाईन (भर्चुअल) माध्यमबाट आफनो सहभागिता जनाउने वा मन्तब्य राख्न चाहाने शेयरधनी मानुभावहरुले pic@peoplesinvestment.com.np मा ईमेल गरी वा ०१-५१११००८, ९८४३२९९३७४ मा संम्पर्क गरी सभाहुनु भन्दा ४८ घण्टा अगाडीनै आफ्नु नाम, ठेगाना, ईमेल, सम्पर्क नम्बर र शेयर धनीनम्बर अनिवार्य रुपले टिपाउनु पर्ने छ । भर्चुअल मार्फत उपस्थितहुने शेयरधनी माहानुभावहरुलाइ Meeting ID/ Password उपलब्ध गराई सभामा सहभागिहुने ब्यवस्था मिलाईने छ । अनलाईन उपस्थितीलाई सभाहलमा उपस्थिति भए सरह मान्यता प्रदान गरीने छ ।

सभा शुरु हुनु भन्दा एक घन्टा अगाडीबाट भर्चुअल माध्यम खुल्ला गरीने छ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागीहुने माहानुभावहरुले उपलब्ध गराईएको ID/ Password को माध्यमबाट Log in गरीआफ्नो परिचय, शेयरधनी नम्बर, शेयर संख्या सहित आफ्नो उपस्थितीको जानकारी सभालाई गराउनु पर्ने छ ।

कम्पनीको शेयर दाखिला खारेजको काम बन्दहुने मिति २०७७ कार्तिक २५ गते शेयर दाखिलाको दर्ता बन्द रहने छ ।

साधारण सभा सम्बन्धी थप जानकारी www.peoplesinvestment.com.np मा उपलब्ध गरिनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**